# महाकुलुङ गाउँपालिकाको बजेट वक्तव्य

## आर्थिक वर्ष २०८०/०८१

उपाध्यक्ष श्री विपना कुलुङज्यू द्वारा प्रस्तुत बजेट वक्तव्य

महाकुलुङ गाउँपालिका

बुङ, सोलुखुम्बु

मिति: २०८०/०३/१० गते

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

यस सभाका अध्यक्षज्यू,

सभाका  सदस्यज्यूहरु

गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्ममचारीहरु।

१. नेपालको संविधानको धारा २३० बमोजिम महाकुलुङ गाउँ कार्यपालिकाको आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यावस्था भए बमोजिम यस महाकुलुङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले एघारौ गाउँसभामा आगमी आर्थिक वर्ष २०८०।८१ को लागि वजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु। यस महत्वपुर्ण अवसरमा मुलुकलाई संघिय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान सहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणिय व्यक्तित्वहरुमा भावपर्ण श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका यस महाकुलुङ बासी जनता र राजनीतिक तेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु।

२. कोशी प्रदेशमा अवस्थित यस महाकुलुङ गाउँपालिका अपार प्राकृतिक स्रोत र प्राकृतिक मनोरम, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्धितिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप महाकुलुङका जनताको जीवस्तर वृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधानर विकासका साथसाथै आर्थिक सामाजिक विकासको  निम्ति आधारशिला तयार भएको छ।  चालु आर्थिक वर्षको महाकुलुङ गाउँपालिकाको निति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र मृद्धिको आधारशिला निर्माण तथा महाकुलुङ वासीको जीवन स्तरमा त्यसको सकरात्मक प्रतिफल देखिन थालेको छ। स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी गरिवी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ। महाकुलुङ गाउँपालिका अन्तर्गत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभुति सुनिश्चित हुँदै गएको छ।

३. निजी, सहकारी, अर्ध सरकारी संघसंस्थाहरुलाई गाउँपालिकाले विकासको साझेदारको रुपमा स्वीकार गरी लगानी मैत्री वातावरण र संरचना निर्माणमा ध्यान केन्द्रित भएको छ।

४. नेपालको केन्द्रीकृत शासन व्यावस्थालाई संघिय शासन व्यावस्थामा रुपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरु सवैलाई विदितै छ। सोहि शिलशिलामा केन्द्रमा रहेका अधिकार स्थानीय सरकारहरुमा हस्तान्तरण भईरहेको विद्यामान अस्था छ। स्थानीय सरकारहरुको गठन पश्चात प्रत्येक वर्ष अषाढ महिनाको १० गने भित्र स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमहरु आ आफ्नो सभामा पेश गर्नुपर्ने कानूनी व्यावस्था रहेको छ।

५ महाकुलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट सीमा, महाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु । साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

६ आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरु तयार भई वडा समितिहरुले ती योजना तथा कार्यक्रमहरुलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकिकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने व्यावस्था मिलाइएको छ। सो कार्यपुर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागि समानीकरण,सर्सत,विशेष,समपुरक,राजश्व बाँडफाँड अनुदान,आन्तरिक आम्दानी र गत वर्षको बैंक मौज्दात मार्फत आगामी आ व को लागि सिलिङ उपलब्ध गराइएको थियो। उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरु सहित आगामी आर्थिक वर्षको लागि आन्तरिक आयको प्रक्षेपण भएको छ। श्रोत अनुमान समितिको आन्तरिक प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कुल सिलिङ निर्धारण गरेको छ। गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरु तथा विषयगत क्षेत्र समूहहरुको गठन गरिएको छ। वडा स्तरबाट प्राथमिकिरण गरि आएका योजना तथा कार्यक्रहरुलाइ कार्यपालिका अन्तर्गत विभिन्न समितिहरु तथा समूहहरुमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि वजेट तर्जुमा गरी कार्यपालिकाको बैंठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छ।

**सम्मानित अध्यक्ष महोदय,**

७ अब म महाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु।

- गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि महाकुलङ प्राथिमिक अस्पताल भवन निर्माण सम्पन्न हुने चरणमा छ। भवन निर्माण पुरा भएपछि सो भवन बाट दक्ष जनशक्ति तथा सम्पुर्ण उपकरणहरुको व्यावस्था गरी सेवा सूचारु गरिनेछ।
- गाउंपालिकामा आधुनिक कृषि प्रणालीको सुरुवात भएको छ । विभिन्न वडामा कृषि क्षेत्रललाई सहयोग गर्ने तालिम तथा अनुदानका कार्यकम संचालन पश्चात यसले कृषकको आयस्तर वृद्धि गर्नमा महत्वपूण सहयोग पुगेको छ । विस्तारै कृषकहरुले उत्पादन गरेका बस्तु तथा सेवा बजार सम्म विकी वितरणका लागि आउने गरेका तथापी बिकी वितरण नहुने हुनाले बजारीकरणको लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ।
- गाउँपालिका केन्द, वडा केन्द्र लगायतका बजार व्यवस्थित हुदै गएको छ सडक संजालको कारण उत्पादित वस्तु वजार सम्म ल्याउन लैजान सहज भएको छ।
- महाकुलुङ गाउँपालिकाका ५ वटै वडामा भएको सडकको विस्तारले दैनिक उपभोग्य सामान लगायतको मूल्य घट्न गई सर्वसाधारण जनताको जीवनस्तरमा सुधार आएको छ।
- वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ ।
- पर्यटन क्षेत्रको प्रवर्द्धन गर्नको लागि अविलम्ब सम्बन्धित क्षेत्रको सहकार्यमा पहल गर्नु पर्ने देखिन्छ।
- राजस्व परिचालनको लक्ष्य नजिक पुगेको देखिएता पनि अपेक्षित रुपमा आम्दानी गर्न सकेको छैन । त्यसैले राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ । चालु आर्थिक वर्ष सम्म गाउँपालिकाले दहत्तर बहत्तर कर उठाउने गरेको नदेखिएको तर गाउँवस्तीमा खोला नालाको ढुंगा, बालुवा, गट्टी उत्खन्न तथा प्रशोधन भइरहेको यसलाइ नियमन गरी करको दायरामा ल्याउनुपर्ने देखिन्छ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

- विपन्न र लक्षित वर्ग उन्मूख कार्यक्रम सञ्चालन गरिएकोले जनतामा आर्थिक सन्तुलन हुँदै गएको देखिन्छ ।
- बचत तथा ऋण सहकारी संस्थाहरुको उपस्थिति संख्यात्मक रुपमा मात्र रहेकोले उत्पादनमूलक कार्यमा उत्प्रेरित गर्नु आवश्यक देखिन्छ ।
- महाकुलुङ गाउँपालिकाको चालु आ व मा गाउँपालिको वडा नं २,३,४ र ५ को वडा भवन निर्माण कार्य भइरहेको अवस्था छ। भवन निर्माण सम्पन्न पश्चात वडाहरु प्रवाह गरिने सेवा आफ्नो भवन वाट सूचारु गरिनेछ

८. आगामी आर्थिक वर्षको वर्षको बजेट तथा कार्यक्रम तयार पर्दा निम्नानुसारका कानुन/नीति तथा दस्तावेजहरुको सहयोग लिइएको छ।

- नेपालका संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति, हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४,
- अन्तरसरकारी वित्तीय हस्तान्तरण निर्देशिका,
- दीगो विकासको लक्ष्य,
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तसम्बन्धित विषयहरु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- संघीय सरकार र प्रदेश सरकारको निर्देशन तथा परिपत्रहरु,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

९ अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छन् :

- यस गाउँपालिका भित्रका नागरिकको जीवनस्तर उठाउने ।
- कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

- पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
- उपलव्ध श्रोतसाधनको न्यायोचित वितरण, विकासमा समान सहभागिता गराइनेछ ।
- स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।
- सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।
- सामाजिक कलह, झगडा र विपत्तिहरुलाई अन्त्य गरिने ।
- युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।
- जनतामा मौलिक हकको प्रत्याभुति दिलाइनेछ ।
- सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।
- खाद्यसुरक्षाको प्रत्याभूति गरिनेछ ।

**अध्यक्ष महोदय,**

१०. अव म यस गरिमायम सभामा आगामी आर्थिक वर्ष २०८०।८१ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमाति चाहन्छु। आगामी आर्थिक वर्षको अनुमानित कुल बजेट रु ३५ करोड १७ लाख ३५ हजार १ सय कायम हुने प्रारम्भिक अनुमान छ। जस मध्ये नेपाल सरकारको वित्तीय समानिकरण अनुदान तर्फ ९ करोड २१ लाख, नेपाल सरकार सर्सत अनुदान तर्फ ११ करोड १९ लाख, संघिय राजश्व बाँडफाँड ८ करोड ४७ लाख ३१ हजार १ सय, प्रदेश सरकार समानिकरण अनुदान ५६ लाख ४४ हजार, सवारी साधन कर वापत ३० लाख १२ हजार, प्रदेश समपुरक अनुदान १ करोड, प्रदेश सरकार सर्सत अनुदान ३३ लाख २५ हजार, आन्तरिक राजश्व २० लाख २३ हजार, आन्तरिक स्रोत जिल्ला समन्वय समिति ९० लाख र यस आर्थिक वर्षको वचत रु ३ करोड रकम प्राप्त हुने अनुमान गरिएको छ।

अध्यक्ष महोदय,

११. कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

१२. आगामी आर्थिक वर्षका लागि चालू तर्फ कुल रु २२ करोड ४८ लाख ७५ हजार प्रस्ताव गरेको छु।जस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता, पदाधिकारीहरुको सेवा सुविधा, कार्यक्रम संचालन तथा कार्यालय संचालन खर्च प्रस्ताव गरिएको छ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

अध्यक्ष महोदय

अव म गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय,क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।

क. संघिय सरकार सर्सत अनुदान कार्यक्रम रु ११ करोड १९ लाख
ख. प्रदेश सरकार सर्सत अनुदान रु ३३ लाख २५ हजार
ग. प्रदेश समपुरक अनुदान रु १ करोड
घ. संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सर्सत र समपुरक तर्फको कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका र विनियोजित शिर्षकमा नै खर्च गरिनेछ।
ङ. महाकुलुङ गाउँपालिका वडा नं १ जम्मा विनियोजित रु ८२ लाख
च. महाकुलुङ गाउँपालिका वडा नं २ जम्मा विनियोजित रु ८२ लाख
छ. महाकुलुङ गाउँपालिका वडा नं ३ जम्मा विनियोजित रु ८२ लाख
ज. महाकुलुङ गाउँपालिका वडा नं ४ जम्मा विनियोजित रु ८२ लाख
झ. महाकुलुङ गाउँपालिका वडा नं ५ जम्मा विनियोजित रु ८२ लाख
ञ. महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा जम्मा विनियोजन रु १ करोड ६५ लाख
ट. महाकुलुङ गाउँपालिका शिक्षा शाखा जम्मा विनियोजन रु २ करोड १५ लाख
ठ. महाकुलुङ गाउँपालिका कृषि शाखा जम्मा विनियोजन रु ३० लाख
ड. महाकुलुङ गाउँपालिका पशुसेवा शाखा जम्मा विनियोजन रु २५ लाख
ढ. महाकुलुङ गाउँपालिका महिला विकास विकास शाखा १० लाख
ण. महाकुलुङ गाउँपालिका न्यायिक समिति १० लाख
त. महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय ५ करोड ५० लाख
थ. महाकुलुङ गाउँपालिका रु ८ करोड ५० लाख १० हजार १ सय

अध्यक्ष महोदय उल्लेखित बजेट सिलिङ बाट तयार गरिएको योजना तथा कार्यक्रमको विस्तुत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ जसमा अनुसुची १ मा गाउँपालिकाको योजना तथा कार्यक्रम, अनुसूची २ मा वडा कार्यालयहरुको योजना तथा कार्यक्रम, अनुसूची ३ मा गाउँकार्यपालिकाको कार्यालय र शाखा कार्यालयहरुको योजना तथा कार्यक्रम र अनुसूची ४ मा गैर सरकारी संघ संस्थाहरुको वजेट रहेको छ।

***अव म चालु आर्थिक वर्ष २०८०।८१ को लागि गाउँपालिका तर्फका योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमाति चाहन्छु।***

- महाकुलुङ गाउँपालिका भित्र आर्थिक अभावको कारण स्वास्थ्य उपचार सेवा लिन बाट बन्चित रहेका नागरिकहरुलाई स्वास्थ्य उपचार सेवा उपलब्ध गराउनको लागि विपन्न नागरिक उपचार कोषको स्थापना गर्ने व्यावस्था मिलाएको छु । जसका लागि रु ३ लाख बजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिकामा दर्ता भइ संचालनमा रहेको शिशु स्यहार केन्द्र संचालन तथा व्यावस्थापनको लागि रु ६ लाख वजेट विनियोजन गरेको छु।

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

- महाकुलुङ गाउँपालिकामा संचालित वृद्धाश्रम  चालु आर्थिक वर्षबाट महाकुलुङ गाउँपालिकाले पुर्ण स्वामित्व लिइ सकेको हुनाले यस गाउँपालिकामा हेरचाह नपाएको, समस्यामा रहेको वृद्धाहरुको रेखदेख यस गाउँपालिकाले गर्नेछ। उक्त वृद्धाश्रममा कर्मचारीको व्यावस्था गरी प्रभावकारी रुपमा संचालन गर्नको लागि रु १५ लाख वजेट विनियोजन गरेको छु।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा छनौट भइ सकेको र सो जग्गा कार्यालयको नाममा पास गरी निकट भविष्यमा नै भवन निर्माण गर्नको लागि जग्गा व्यावस्थापन गर्नको लागि  रु ३ लाख बजेट विनियोजन गरेको छु।
- संचार माध्यम बाट यस गाउँपालिकाका गतिविधि प्रकाशन तथा प्रशारण गर्न तथा यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- कुलुङहरुको पवित्र भुमि पोम्लालुङको विश्व सम्पदा सुचीकृत गर्ने प्रयोजनको लागि सो क्षेत्रको डकुमेन्ट्री निर्माण गरी युनेस्कोमा पेश गर्नुपर्ने भएकोले उक्त क्षेत्रको डकुमेन्ट्री निर्माण गर्नको लागि रु ५ लाख १० हजार बजेट व्यावस्था गरेको छु। साथै महाकुलुङ गाउँपालिकाको गाउँपालिका गान निर्माण भइसकेको र सो गानमा यस गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न तथा सम्पुर्ण गतिविधि समाहित गरी भिडियो निर्माणको लागि रु ९ लाख ९० हजार बजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिकाका सवै वडाहरुमा वर्षैभरी यातायात संचालन गर्नका लागि महाकुलुङ गाउँपालिकाको भुवा खोलामा मोटरेवल पुल निर्माणको लागि ठेक्का भइ निर्माण कार्य प्रारम्भ भइ सकेको छ उक्त पुल निर्माणका लागि रु १ करोड ५० लाख वजेट विनियोजन गरेको छु। त्यस्तै महाकुलुङ १ र ४ मा रहेको हुँगा खोलामा निर्माणाधिन वेलि व्रिज आर्थिक वर्ष २०८०।८१ मा सम्पन्न गर्ने गरी रु २ करोड ३३ लाख ३० हजार बजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिका वडा नं २ मा रहको फुलवती खोलामा मोटरेवल पुल निर्माण गरी नियमित यातायात संचालन गर्नको लागि प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा पुल निर्माण गरिने छ जसका लगि प्रदेश समपुरक अनुदानमा रु १ करोड प्राप्त भएकोले सो पुल निर्माणमा यस गाउँपालिकाको तर्फ बाट रु ३५ लाख बजेट विनियोजन गरेको छु।
- महाकुलुङ गाउँपालिकाका सम्पुर्ण वडाहरुको सुविधा सम्पन्न आफ्नै वडा भवन निर्माणका कार्यहरु हाल वडा २ देखि ५ सम्म निर्माणाधिन रहेको व्यहोरा विदितै छ। चालु आर्थिक वर्षमा वडा नं २ र ४ को भवन निर्माण सम्पन्न हुने देखिन्छ भने वडा ३ र ५ को भवन निर्माण चाडै सकिनेछ। आगामी आर्थिक वर्ष २०८०।८१ बाट ५ वटै वडाले आ आफ्नै वडा भवन निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह गर्नको वडा भवन निर्माण बाकी रहेको वडा नं १ ले पनि जग्गा व्यावस्थापन गरिसकेकोले वडा नं १ को  वडा भवन निर्माण जि स

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

स र पालिकाको साझेदारीमा गर्ने गरी पालिकाको तर्फबाट रु ४० लाख बजेट विनियोजन गरेको छु।

- अगामी आर्थिक वर्षमा थुप्रै योजनाहरु संघ, प्रदेश तथा विभिन्न संघ संस्था सँगको साझेदारीमा योजना तथा कार्यक्रम संचालन गर्नको लागि समपुरक कोषमा रु ३८ लाख बजेट प्रस्ताव गरेको छु।
- यस गाउँपालिकाको सडक सञ्जालमा हाल सम्म पनि नजोडिएको गाउँ बस्तीहरुमा सडक सञ्जालमा जोड्नका लागि पालिका स्तरबाट सडक ट्र्याक ओपनमा आवश्यक बजेट व्यावस्था गरेको छु। जस्मा नर्कुम सडक ट्र्याक ओपन रु ३० लाख, मोमेर्कु सडक ट्र्याक ओपन रु १० लाख, मोमोदी सडक ट्र्याक ओपन रु ७ लाख, पोछ्याक सडक ट्र्याक ओपन रु ५ लाख ।
- स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि हलुमोउ खानेपानी, दोर्वेला खानेपानी, देनाम खानेपानी निर्माण योजनाको लागि आवश्यक वजेट विनियोजन गरेको छु।
- महाकुलुङ चक्रपथ सडकको स्तरोन्नत्ति कार्यलाई निरन्तरता दिएको छु। आ व २०८०।८१ मा महाकुलुङ चक्रपथ सडकको वडा नं ४ र ५ को सडक खण्डको स्तरोन्नत्ति गर्न रु ३० लाख बजेट विनियोजन गरेको छु।
- निर्माणाधिन अवस्थामा रहेका तर बजेट अभावले निर्माण सम्पन्न नभएको सगरमाथा माध्यमिक विद्यालय को भवन निर्माण सम्पन्न गर्नको लागि रु २५ लाख बजेट विनियोजन गरेको छु त्यस्तै आदिवासी जनजाति भवन निर्माण सम्पन्न गर्नका लागि समेत रु १० लाख बजेट विनियोजन गरेको छु।
- कुलुङ जातिहरुको सम्पर्क कार्यालयकको रुपमा काठमान्डौको गोकर्णश्वरमा निर्माणाधिन कुलुङ संघको भवन निर्माणको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।
- यस गाउँपालिकाको प्रशासनिक भवन हाल सम्म नवनेको र हाल जग्गा व्यावस्थापनको कार्य भइरहेकोले प्रशासनिक भवन निर्माणको लागि डिपीआर तयार गरी निकट भविष्यमा प्रशासनिक भवन निर्माण कार्य प्रारम्भ गरिनेछ जसका लागि डिपीआर तयार गर्न रु १० लाख बजेट विनियोजन गरेको छु।

कृषि तर्फ

- बालीहरुमा देखिने प्रकोप तथा व्यावस्थापन सम्बन्धि सचेतनाका कार्यक्रम हरु संचालन गरिनेछ। कृषि मेला प्रदर्शनी, मल निर्माण सम्बन्धी तालिम, कृषक पाठशाला संचालन, पुष्प व्यावसाय प्रोत्साहन लगायतका कार्यक्रम संचालनको लागि आवश्य बजेट व्यावस्था गरेको छु।
- चिया खेती तथा टिमुर खेती विस्तारका लागि विरुवा खरिद गरि कृषक हरुलाई वितरण गर्नको लागि क्रमश रु २ लाख र १ लाख बजेट विनियोजन गरेको छु।

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

- सुपथ मुल्यमा कृषकहरुलाई कृषि सम्बन्धि विउविजन तथा औजार उपलब्ध गराउनको लागि कृषि एग्रोभेट संचालनलाई निरन्तरता दिएको छु । आ व २०८०।८१ बाट सो एग्रोभेटमा कर्मचारी व्यास्थापन गरी संचालन गरिनेछ जसका लागि एकमुष्ट रु १० लाख बजेट विनियोजन गरेको छु।
- कृषकहरुलाई वेमौसमी फलफुल तथा तरकारी उत्पादनको लागि ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल अनुदानमा उपलब्ध गराउनुको लागि रु २ लाख ५० हजार वजेट विनियोजन गरेको छु।
- उत्कृष किसान सम्मानको लागि आवश्यक बजेटको व्यावस्था गरेको छु।

पशुपन्छी तर्फ

- पशुपन्छिमा देखा पर्न रोग उपचार गर्नको लागि कृषक हरुलाई निशुल्क औषधी उपलब्ध गराइनेछ। जसका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु।
- पुशपन्छीमा लाग्ने रोग त्यसको उपचार सम्बन्धी तालिम, डिपिङ निर्माण, रेविज खोप कार्यक्रम लगायत अन्य कार्यक्रम संचालनको व्यावस्था मिलाएको छु।
- नश्ल सुधारको लागि ५० प्रतिशत अनुदानमा उपलब्ध गराउनका लागि उन्नत जातको साढे र मुर्रा जातको राँगा खरिद गरी वितरण गर्न रु ६ लाख बजेट विनियोजन गरेको छु।
- कार्यालय संचालनको लागि आवश्यक प्रशासनिक खर्चको व्यावस्था गरेको छु।

शिक्षा तर्फ

- गाउँपालिकाले शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा नियुक्ति गरेका पालिका अनुदानका शिक्षक कार्यक्रमलाई निरन्तरता दिएको छ। जसका लागि शिक्षक तलव भत्ता रु १ करोड २१ लाख ६८ हजार १ सय ४ विनियोजन गरेको छु साथै बाल सहयोगी शिक्षक कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुलाइ दिइदै आएको प्रोत्साहन भत्तालाई समेत निरन्तरता दिएको छु जस्को लागि रु ४२ लाख ६८ हजार २ सय २५ विनियोजन गरेको छु।
- गरिव तथा जेहेन्दार विद्यार्थीको लागि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमको लागि रु ८ लाख विनियोजन गरेको छु।
- राष्ट्रपति रनिङ शिल्ड खेलकुद, स्थानीय भाषाको पाठ्यक्रम निर्माण छपाइ, विद्यार्थी शिक्षक विद्यालय लाई प्रोत्साहन को लागि आवश्यक वजेट व्यावस्था गरेको छु।

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

- कक्षा ८ र १० का विद्यार्थीहरुका लागि अतिरक्त कक्षा संचालनका लागि एकमुष्ट रु ५ लाख ८७ हजार ५ सय ५० बजेट विनियोजन गरेको छु।
- **SEE** परीक्षालाई व्यावस्थित र मर्यादित बनाउनको लागि परीक्षा केद्र पेल्माङ आधारभूत विद्यालयमा **CCTV CAMERA** जडान गरिनेछ यसका लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।
- कार्यालयको प्रशासनिक खर्चको लागि आवश्य बजेट विनियोजन गरेको छु।

स्वास्थ्य तर्फः

- विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको करार सेवा निरन्तरता दिएको छु । महाकुलुङ प्राथमिक अस्पताल, आधारभुत स्वास्थ्य केन्द्ध तथा इकाइमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकको लागि एकमुष्ट रु १ करोड ५ लाख ५६ हजार बजेट विनियोजन गरेको छु।
- डेन्टल सेवा कार्यक्रमलाई निरन्तरता दिएको छ जसको लागि आवश्यक वजेटको व्यास्था गरेको छू।
- ९८ प्रकारका औषधी निशुल्क उपलब्ध गराउने व्यावस्था मिलाएको छु सो औषधी खरिदका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।
- अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम लागु गर्न विउ पुजीका लागि कार्यक्रम संचालन गर्न बजेटको व्यावस्था गरेको छु।
- स्वास्थ्य संस्थामा सुत्केरी भए वापत प्रसुति प्रोत्साहन भत्ता तथा यातायात खर्चको व्यावस्था गरेको छु।
- शाखा तथा अस्पतालको कार्यालय संचालनको लागि आवश्यक बजेट व्यावस्था गरेको छु।

महिला तथा वालवालिका

- महिला लक्षित गरेर क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गरिनेछ। अन्तराष्ट्रिय महिला दिवस तथा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउनका लागि आवश्यक वजेटको व्यावस्था गरेको छु

वडा तर्फः

गाउँपालिकाको योजना निर्माण प्रकृयालाई विकेन्द्रित तथा वडाहरुलाई समेत विकास योजनाहरु छनौट गर्न स्वायत्तता मिलोस भनि प्रत्येक वडा लाई रु ८२ लाखका दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यावस्था मिलाइएको छ ती योजना तथा कार्यक्रमहरुको लागि कुल रु ४ करोड १० लाख बजेट विनियोजन गरेको छु। प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरी अनुसुचीमा संलग्न गरेको छु।

गैर सरकारी संघ संस्था तर्फः

आर्थकि वर्ष २०८०।८१ का लागि गैरसरकारी संस्थाहरुले यस गाउँपालिकामा संचालन गर्नका लागि पेश गरेको बजेट अन्तर्गत इकोहिमाल नेपाल ४७ लाख १२ हजार ९ सय, हिमालय ट्रष्ट नेपाल ८४ लाख ४३ हजार



अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

१७, रीड नेपाल २२ लाख ५० हजार ३सय ३७ र जी फाउन्डेशनको ७२ लाख ७३ हजार ९ सय १६ स्वीकृतिका लागि यस सभामा पेश गर्दछु।

अध्यक्ष महोदय,

आगामी आर्थिक वर्षका लागि क्षेत्रगत रुपमा प्रस्तावित योजना तथा कार्यक्रमहरुलाई छुट्टाछुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु। विस्तृत विवरण अनुसुचीबाट लिन सकिनेछ।

अध्यक्ष महोदय,

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुर्याउने वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, विभिन्न संघ संस्थाहरु पत्रकार मित्रहरु सवै क्षेका विशिष्टकृत महानुभावहरु एवं राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

प्रस्तुत आर्थिक ऐन तथा विनियोजन ऐनमा व्यावस्था भएको निती, कार्यक्रम र बजेटलाई गाउँसभाबाट पारित गरी प्रस्तुत वजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सवै क्षेत्रका विशिष्टकृत महानुभावहरु एंव राष्ट्रसेवक कर्मचारीहरुमा विशेष अनुरोध गर्दछु ।

धन्यवाद।

विपना कुलुङ
उपाध्यक्ष
२०८०।०३।१०

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

अनुसूची १

महाकुलुङ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु

| क स | योजना तथा कार्यक्रम | विनियोजन |
|---|---|---|
| चालु तर्फ | | |
| १ | विपन्न नागरिक उपचार कोष | ३ लाख |
| २ | शिशु स्याहार केन्द्र संचालन तथा व्यावस्थापन कार्यक्रम | ६ लाख |
| ३ | वृद्धाश्रम संचालन तथा व्यावस्थापन कार्यक्रम | १५ लाख |
| ४ | पालिकाको जग्गा व्यावस्थापन | ३ लाख |
| ५ | संचार माध्यमबाट पालिका कार्यक्रम संचालन | १० लाख |
| ६ | घरेलु हिंसा सेवा केन्द्रका लागि अनुदान | १ लाख |
| ७ | छेस्काम स्वास्थ्य चौकीमा ल्याव जनशक्ति व्यावस्थापन | ३ लाख |
| ८ | पोम्लालुङ डकुमेन्ट्री निर्माण | ५ लाख १० हजार |
| ९ | महाकुलुङ गानको भिडियो **Visualize** निर्माण | ९ लाख ९० हजार |
| ***जम्मा चालु*** | | ***५६ लाख*** |
| पूँजीगत तर्फ | | |
| १ | भुवा खोला मोटरेवल पुल निर्माण क्रमागत | १ करोड ५० लाख |
| २ | हुँगा खोला मोटरेवल पुल निर्माण क्रमागत | २ करोड ३३ लाख ३० हजार |
| ३ | फूलवती खोला मोटरेवल पुल निर्माण समपुरक कोष | ३५ लाख |
| ४ | वडा नं १ को कार्यालय भवन निर्माण समपुरक कोष | ४० लाख |
| ५ | वडा नं १ र ३ भवन निर्माण समपुरक (जि स स स्रोत) | ९० लाख |
| ६ | सिम्बल्दो हुँगेश्वर झो पुल निर्माण समपुरक कोष | १० लाख ६७ हजार |

| | | |
|---|---|---|
| ७ | विभिन्न संघ संस्था सँगको साझेदारीका योजना तथा कार्यक्रम संचालन को लागि समपुरक कोष | ३८ लाख |
| ८ | नुर्कुम सडक ट्र्याक ओपन | ३० लाख |
| ९ | मोमेर्कु सडक ट्र्याक ओपन | १० लाख |
| १० | हलुमोउ खानेपानी निर्माण | १२ लाख |
| ११ | मोमोदी सडक ट्र्याक ओपन १ | ७ लाख |
| १२ | दोर्वेला खानेपानी क्रमागत | २० लाख |
| १३ | पोछाक सडक ट्र्याक ओपन | ५ लाख |
| १४ | पालिका भवन निर्माणका लागि डिपिआर निर्माण | १० लाख |
| १५ | महाकुलुङ चक्रपथ स्तरोन्नत्ति (वडा नं ४ र ५) | ३० लाख |
| १६ | सगरमाथा माध्यमिक विद्यालयका भवन निर्माण क्रमागत | २५ लाख |
| १७ | आदिवासी जनजाति तथा महिला भवन निर्माण क्रमागत | १० लाख |
| १८ | देनाम खानेपानी निर्माण | ८ लाख |
| १९ | बुङ मन्डली भवन घेराबार तथा फर्निचर निर्माण | ५ लाख |
| २० | गोकर्णेश्वर न पा वडा नं ३ मा निर्माणाधिन कुलुङ संघको भवन निर्माण | १५ लाख |
| २१ | भैपरी आउने पूँजीगत खर्च | १० लाख १३ हजार १ सय |
| जम्मा | | ७ करोड ९४ लाख १० हजार १ सय |

## अनुसुची २

**वडा नं १ का योजना तथा कार्यक्रमहरु:**

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

| क्र.स. | कार्यक्रम | बजेट |
|---|---|---|
| | *चालु तर्फ* | |
| १ | महिला सशक्तिकरण र सिप कार्यक्रम | २ लाख ५० हजार |
| २ | वालवालिका संग शिक्षा र खेलकुद | १ लाख ५० हजार |
| ३ | जेष्ठ नागरिक आर्शिवाद कार्यक्रम | २ लाख |
| ४ | युवा संग सिप र रोजगार कार्यक्रम | ४ लाख |
| ५ | विपन्नसंग उज्यालो कार्यक्रम | ५ लाख |
| ६ | कला साहित्य र खेलकुद | १ लाख |
| ७ | नवजातशिशु स्वागत कार्यक्रम | १ लाख |
| ८ | मृत्यु संकार खर्च सहयोग | १ लाख |
| ९ | सहयोगि सम्मान कार्यक्रम | २ लाख |
| १० | फोहोर व्यास्थापन | ५ लाख |
| ११ | कार्यालय संचालन तथा विविध | २ लाख |
| | **जम्मा** | **२७ लाख** |
| | **पुँजीगत तर्फः** | |
| १ | सडक सरसफाई तथा हरित सडक निर्माण | ९ लाख ५० हजार |
| २ | गम खानेपानी ड्रम पाईप खरिद र धारा जडान | ३ लाख ५० हजार |
| ३ | वाधेर्ला कृषि भवन शौचालय तथा सरसफाई | ५ लाख |
| ४ | देवा खोल्सा सरसफाई तथा ग्याविन तार जाली | १० लाख |
| ५ | कोअस्को देखि रुपीयोङछो सम्म भल निकास | ७ लाख |
| ६ | चाकादो नाजिङ मुलखर्क चिङकेम्माला रुमखाला सडक निर्माण | ८ लाख |
| ७ | जिरोपोईन्ट सार्वजनिक सौचालय निर्माण | ७ लाख |
| ८ | देनाम ठाडो बाटो ग्याविन तार जाली | ५ लाख |
| | **जम्मा** | **५५ लाख** |
| | कुल **जम्मा** | **८२ लाख** |

**<u>वडा नं २ का योजना तथा कार्यक्रमहरु</u>**

| क स | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय संचालन तथा विविध | २ लाख | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २ | लक्षित तर्फ<br><br>• जेष्ठ नागरिक र फरक क्षमता सम्मान -३००००० <br>• महिला हिंसा तथा वालविवाह न्युनिकरण- २००००० <br>• दलित -१००००० <br>• विपन्न वर्गलाई सोलार खरिद तथा वितरण कार्यक्रम-५००००० | ११ लाख | |
| ३ | अनलाइन सर्भिस सफ्टवयर खरिद | ४ लाख | |
| ४ | वडा कार्यालय व्यावस्थापन तथा उद्धाटन | १० लाख | |
| ५ | खेलकुद कार्यक्रम संचालन तथा खेलकुदमा सहभागी खर्च | ३ लाख | |
| **जम्मा चालु** | | **३० लाख** | |
| *पुँजीगत तर्फ* | | | |
| १ | जेउखा **RCC** पुल निर्माण | ३ लाख | |
| २ | बोकखिल्वा खोल्सा कजवे तथा मेसिनरी वाल निर्माण | ४ लाख | |
| ३ | चोङखिदो कजवे निर्माण | ३ लाख | |
| ४ | श्री चोमोलुङमा आवि सरस्वती मन्दिर निर्माण | २ लाख ५० हजार | |
| ५ | श्री पेल्माङ आवि फर्निचर निर्माण | १ लाख ५० हजार | |
| ६ | धुरेकोम गोरेटो बाटो निर्माण | ४ लाख | |
| ७ | पोउ **RCC** पुल निर्माण | ४ लाख ५० हजार | |
| ८ | वास्दो सडक सोलिङ | ४ लाख | |
| ९ | समाधीस्थल निर्माण | ४ लाख | |
| १० | वडा कार्यालय घेराबार | ५ लाख | |
| ११ | किरात बौद्ध धर्म शौचालय तथा किचन निर्माण | २ लाख ५० हजार | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १२ | सुम्बु भल रोक्थाम | ३ लाख | |
| १३ | मानेवा सडक ट्र्याक ओपन | ४ लाख | |
| १४ | तिन्दुमा सडक ढलान | ४ लाख | |
| १५ | जिदो साविस भवन मर्मत | ३ लाख | |
| जम्मा पुँजीगत | | ५२ लाख | |

**वडा नं ३ का योजना तथा कार्यक्रम**

| क स | योजना तथा कार्यक्रमको नाम | | |
|---|---|---|---|
| चालु तर्फ | | | |
| १ | कार्यलय संचालन तथा विविध | २ लाख | |
| २ | वित्तिय शिक्षा कार्यक्रम | २ लाख | |
| ३ | स्वच्छ वडा सुन्दर कार्यक्रम | २ लाख २० हजार | |
| ४ | माइ पकेट माई फस्ट ड्स्टविन | ५० हजार | |
| ५ | खेलकुद व्यावस्थापन | १ लाख ७० हजार | |
| ६ | नेपाली सेना, सशस्त्र प्रहरीवल र नेपाल प्रहरी सम्बन्धि पुर्व तालिम संचालन | ३ लाख ५० हजार | |
| ७ | हल्ला खेलमैदान व्यावस्थापन | १ लाख ६० हजार | |
| ८ | लक्षित तर्फ<br>• जेष्ठ नागरिक सुरक्षित कार्यक्रम-३ लाख<br>• अपाङ्ग सुरक्षित कार्यक्रम-५० हजार<br>• महिला क्षमता अभिवृद्धि कार्यक्रम-३ लाख<br>• वालवालिका क्षमता तथा व्यक्तित्व विकास कार्यक्रम-१ लाख ५० हजार<br>• दलित -५० हजार | ८ लाख ५० हजार | |
| पुँजीगत तर्फ | | | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी छेस्काम व्यावस्थापन | १ लाख | |
| २ | रत्न प्रगतिशिल आवि घेराबार तथा गेट निर्माण | ५ लाख | |
| ३ | देनाम आवि सरस्वती मन्दिर निर्माण | २ लाख ५० हजार | |
| ४ | चारिकास्को देखि सर्सिला सम्म सडक सरसफाइ | १ लाख ५० हजार | |
| ५ | स्वास्थ्य चौकी छेस्काम देखि जिदो खम्ला सम्म सडक ट्र्याक ओपन | ६ लाख | |
| ६ | चिनो खोल्सा आर सि सि पुल निर्माण तथा गोही रंक्यानी थान टहरा स्थानान्तरण | ४ लाख ५० हजार | |
| ७ | वडा नं ३ साविक ४ र ५ जोड्ने ट्र्याक ओपन | ७ लाख | |
| ८ | साविक वडा नं ६ एक घर एक धारा निर्माण | ५ लाख | |
| ९ | सालापैस र बकुम्मास दोभानमा **RCC** पुल निर्माण | ५ लाख | |
| १० | बेजो मुलबाटो देखि बोक्सुवार गुम्बा सम्म गोरेटो बाटो निर्माण | ५ लाख | |
| ११ | लुदोवौ खानेपानी मुहान संरक्षणको लागि तार जाली खरिद र दुब्गो पाइप व्यावस्थापन | ३ लाख | |
| १२ | रान्त्यादो देखि राजुधनको घर सम्म सडक स्तरोन्नत्ति | ४ लाख ५० हजार | |
| १३ | साम्फेलोउदो खानेपानी मुहानमा २ वटा आर भि टी निर्माण | ४ लाख | |
| १४ | लुत्तुम्मा देखि वातेल्मा सम्म गोरेटो बाटो निर्माण | ६ लाख | |
| जम्मा | | ६० लाख | |

**वडा नं ४ का योजना तथा कार्यक्रम**

| क स | योजना तथा कार्यक्रमको नाम | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय संचालन तथा विविध | २ लाख | |
| २ | लक्षित कार्यक्रम<br>• जेष्ठ नागरिक सँगको भलाकुसारी कार्यक्रम २,५०,००० | ५ लाख ५० हजार | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | • महिला सशक्तिकरण कार्यक्रम ७०,०००<br>• आदिवासी जनजाति कार्यक्रम ८००००<br>• दलित ४००००<br>• फरक क्षमताका व्यत्तिहरु सँग भेटघाट कार्यक्रम ४००००<br>• वालवालिका सम्बन्धी कार्यक्रम ७०००० | | |
| ३ | सुशासन व्पयावस्थापन प्रवर्द्धन कार्यक्रम इ गर्भनेन्स लागि सफ्वयेर खरिद | ४ लाख | |
| ४ | कानुनी सचेतना कार्यक्रम | ४ लाख | |
| ५ | व्युटिपार्लर तालिम संचालन | २ लाख | |
| ६ | रंगशाला ४ नं वडामा निर्माणाधिन जग्गा व्यावस्थापन | १ लाख | |
| ७ | कार्यालय व्यावस्थापन | ५ लाख | |
| जम्मा चालु | | २३ लाख ५० हजार | |
| पूँजीगत तर्फ | | | |
| १ | कुलुङ सुम्खिम संग्राहलय निर्माण | २२ लाख | |
| २ | बागाले वर्खे जाने सानाम काठेपुल निर्माण | ३ लाख | |
| ३ | लालिगुराँस भवन मर्मत तथा फर्निचर निर्माण | ४ लाख | |
| ४ | विश्वकर्मा बाबा शिवमन्दिर गुजुर र मूर्ति खरिद | २ लाख | |
| ५ | गुदेल मा वि फर्निचर निर्माण | २ लाख ५० हजार | |
| ६ | तुमाउ आधार आधारभुत स्वास्थ्य सेवा केन्द्र खानेपानी निर्माण | ५ लाख | |
| ७ | बासुकी आवि विद्यालय जग्गा पहिरो रोकथाम | ३ लाख | |
| ८ | छेस्काम सिमाना देखि साद्धि रोड सम्म गोरेटो बाटो मर्मत | ३ लाख | |
| ९ | सहिद स्मृति आवि भवन मर्मत तथा फर्निचर निर्माण | ४ लाख | |
| १० | लुच्चाम ढल व्यावस्थापन | १० लाख | |
| जम्मा पूँजीगत | | ५८ लाख ५० हजार | |

अध्यक्ष
कुलुङ गाउँपालिका

**वडा नं ५ को योजना तथा कार्यक्रमहरु:**

**क, चालु तर्फ:**

- प्रशासनिक खर्च विवध रु, २ लाख मात्र।
- **लक्षित समुह।**

| सि नं | योजना विवरण | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक | रु, २ लाख ३० हजार | |
| २ | महिला | रु, १२ लाख | महिला उद्यमसिलता प्रर्वधन कार्यक्रम |
| ३ | जनजाति | रु, २ लाख | |
| ४ | फरक क्षमता | रु, ७० हजार | |
| ५ | बालवालिका | रु, ३ लाख | |
| ६ | कार्यालय संचालन तथा विविध खर्च | २ लाख | |
| | **जम्मा** | **२२ लाख मात्र।** | |

**ख, पुजिगत तर्फ:**

| सि नं | आयोजना विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | चाचालुङ गाउँघर क्लिनिक चर्पी तथा खानेपानी निर्माण | रु, २ लाख ५० हजार | |
| २ | गुदेल मा वि विज्ञान ल्याप निर्माण | रु, १ लाख ७५ हजार | |
| ३ | अमरज्योति आ वि घेराबार निर्माण | रु, ५ लाख २५ हजार | |
| ४ | सिर्मु डाँडा कृषक समुह लसुन खेति अनुदान | रु, १ लाख ५० हजार | |
| ५ | बाफुदो खानेपानी मर्मत सम्भार | रु, ५ लाख | |
| ६ | फुस्ला सामुदायिक भवन निर्माण | रु, १५ लाख | |
| ७ | सगरमाथा सामुदायिक भवन निर्माण | रु, १५ लाख | |
| ८ | बुद्धिष्ठ धर्म गुठी भवन निर्माण निम्चोला | रु, १० लाख | |
| ९ | अनलाईन सर्भिस सप्ठवयेर खरिद | रु, ४ लाख | |
| जम्मा | | ६० लाख | |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अनुसूची ३

अध्यक्ष महाकुलुङ गाउँपालिका

<u>**स्वास्थ्य शाखा**</u>

## शिक्षा शाखा

| ख.शि.नं. | कार्यक्रमको नाम | बार्षिक बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **१. पुजीगत तर्फको बजेट तथा कार्यक्रमहरु** | | | |
| ३११२२ | "गुणस्तरिय सेवा हाम्रो प्रतिवद्धता, स्वास्थ्य विमा आजको आवश्यकता" भन्ने नारा सहित औजार उपकरण खरिद (MSS का आधारमा ) | ६०० | |
| - | | ६०० | |
| २२५२२ | ६८ वर्ष माथिका जेष्ठ नागारिक र क वर्गको अपाङगको घैरमा स्वास्थ्य परिक्षण तथा उपचार कार्यक्रम संचालनका लागि तलब तथा पोशाक र चाडपर्व समेत | ८७५ | |
| २२५२२ | स्वास्थ सस्थामा सुत्केरी भए वापत प्रोत्साहन यातायात खर्च २०० जना रु तिन हजार र ३० जना जटिल समस्या भई (नबजात शिशु) अस्पताललले माथिल्लो स्वास्थ्य संस्थामा प्रेषण गर्दा प्रेषण यातायात खर्चका लागी रु ५००० का दरले आकस्मिक प्रेषण कार्यक्रम र अन्य कार्यक्रम | ७२७ | |
| २२५२२ | ढुवानी (भ्याक्सिन , औषधी तथा उपकरणहरु ढुवानी ) | २५० | |
| २२५२२ | कार्यालय संचालन खर्च (स्वास्थ्य शाखा) | १५० | |
| २२५२२ | अस्पतालमा स्वास्थ्य विमा कार्यक्रम लागु गर्न ( विउ पुजीका लागी ) कार्यक्रम संचालन खर्च | २०० | |
| २२५२२ | अस्पतालको व्यवस्थापन, प्रशासनिक, संचालन खर्च तथा छपाई खर्च र घर भाडा समेत | ३५० | |
| २२५११ | महाकुलुङ प्राथमिक अस्पतालमा कार्यरत कर्मचारीको तलब भत्ता ,पोशाक भत्ता , नर्सिङ कर्मचारीहरुका लागि नाईट भत्ता समेत | ५६२२ | |
| २२६१२ | डेन्टल सेवा कार्यक्रम संचालन गर्ने कर्मचारीको तलब भत्ता , पोशाक तथा चार्डपव खर्च समेत | ४६२ | |
| २२५२२ | महिला स्वास्थ्य स्वयम सेबिका कार्यक्रम | २६० | |
| २२५२२ | स्वास्थ्य संस्थाको कार्यलय संचालन खर्च र सबै सस्थाहरुका लागि छपाइ खर्च समेत । बर्थिङ सेन्टर रु ३५ हजारका दरले र आधारभूत १७ हजारका दरले र खिरौले १० हजार र इकाईहरु ५ हजार का दरले दिने । आयूबेदिकका लागि रु २० हजार | १५० | |
| २२५२२ | आधारभूत स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारीको तलब भत्ता र पोशाक भत्ता र चाडपर्व समेत | २३०८ | |
| २२५२२ | औषधि खरीद | १५०० | |
| २२५२२ | भ्रमण खर्च | १५० | |
| २२५२३ | स्वास्थ्य शाखाको मोटर साईकल मर्मत संहार तथा ईन्धन | १०० | |
| २२५२४ | "सुरक्षित पिउने पानी, स्वास्थ्य जिवनमा हाम्रो लगानी" पालिका भरिका मुहानको ल्याव टेस्टका लागि र अन्तरक्रिया कार्यक्रम संचालनका लागि | १५० | |
| २२५२२ | गर्भवती भेटघाट निमन्तणा कार्ड छपाई | २० | |
| २२५२२ | सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको तलब भत्ता पोशाक र चाडपर्व समेत | २६२६ | |
| - | चालु जम्मा रु. (ख) | १५९०० | |



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| ३११२२ | SEE परीक्षा केन्द्र पेल्माङ आधारभुत विद्यालय CCTV Camera जडान | ५ लाख | |
| | जम्मा | **५ लाख** | |
| २चालु = कार्यक्रमहरुः | | | |
| २२५२२ | गाउँपालिका अनुदानका शिक्षकहरुको तलब भत्ता अनुदान | १ करोड २१ लाख ६८ हजार १ सय ४ | |
| | बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीका पारिश्रमिकमा थप अनुदान | ४२ लाख ६८ हजार २ सय २५ | |
| २२५२२ | राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन ( स्थानीय तथा जिल्ला खेलाडी छनौट सहित खेलकुद सहित) | ८ लाख ५० हजार | |
| २२५२२ | शैक्षिक सत्र २०८० का लागि गाउँपालिका उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | ८ लाख | |
| २२५२२ | स्थानीय भाषाको पाठ्यक्रम निर्माण, छपाई, खरिद तथा व्यवस्थापन | ५ लाख ९० हजार | |
| २२५२२ | आधारभूत तह (कक्षा- ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन | ३ लाख | |
| २२५२२ | बाल दिवसको अवसरमा १हाजिरीजवाफ प्रतियोगिता ५-, कक्षा ६ ८- चित्रकला प्रतियोगिता र कक्षा ९) वक्तृत्वकला प्रतियोगिता १२-३ वटा माविलाई कार्यक्रम गर्न प्रतिविद्यालयका लागि ६० हजारका दरले शैक्षिक क्यालेन्डरमा उल्लेख भएका विद्यालयहरुका लागि( | १ लाख ८० हजार | |
| २२५२२ | उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, बाल सहयोगी शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र विद्यार्थी शिक्षा पुरस्कार र कार्यक्रम सञ्चालन (आधारभूत तह १-५, आधारभूत तह कक्षा-८ को नतिजाका आधारमा र मावि SEE को नतिजाको आधारमा र विद्यालय व्यवस्थापनको आधारमा) | २ लाख ५५ हजार | |
| २२५२२ | गाउँपालिका स्तरीय शैक्षिक क्यालेन्डर छपाइ तथा विद्यालयलाई निःशुल्क वितरण | १ लाख ८० हजार | |
| २११३४ | शिक्षा समिति, प्रधानाध्यापक बैठक, विद्यालय बार्षिक कार्यक्रम अभिमुखिकरण, विषयगत शिक्षक छलफल तथा शैक्षिक कार्यक्रम सञ्चालन खर्च (भत्ता) | १ लाख ८० हजार | |
| २२३११ | कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च | ६० हजार | |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल



अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| २२६१२ | भ्रमण तथा अनुगमन खर्च | २ लाख ५० हजार | |
| २२११२ | सञ्चार खर्च (इन्टरनेट, विज्ञापन, सूचना, पत्रपत्रिका) | २० हजार | |
| | वसन्त पञ्चमीका दिन सोताङ गाउँपालिका र महाकुलुङ गाउँपालिका स्तरीय मावि ९ र १० को हाजिरीजवाफ प्रतियोगिता र आवि १ ५-स्तरीय हाजिरीजवाफ प्रतियोगिता (बालदिवसमा पहिलो र दोस्रो हुने विद्यालयहरुलाई मात्रसञ्चालन तथा व्यवस्थापन ( | २ लाख | |
| | आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुका लागि गणित विषयको ४५ दिने अतिरिक्त कक्षा सञ्चालन प्रति विद्यार्थी ४०० का दरले | १ लाख ९३ हजार ८ सय | |
| | कक्षा १० विद्यार्थीहरुका लागि गणित, अंग्रेजी र विज्ञान विषयको ४५ दिने अतिरिक्त कक्षा सञ्चालन प्रति विद्यार्थी ५०० का दरले | ३ लाख ९३ हजार ७ सय ५० | |
| २२७११ | विविध | १ लाख ११ हजार १ सय २१ | |
| | | २१०००००. | |
| | कुल जम्मा | २१५०००००. | |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

कृषि शाखा

| क.स. | कार्यक्रमक्रियाकलापको/ नाम | विनियोबजेट |
|---|---|---|
| १ | मुख्य बालीहरुमा लाग्ने रोगकिराको प्रकोप तथा व्यवस्थापन सम्बन्धि चेतनामुलक कार्यक्रम | १ लाख |
| २ | प्राङ्गारीक प्रमाणीकरण सम्बन्धि तालिम कार्यक्रम | १ लाख |
| ३ | मुख्य बालीहरुको पोस्टहारभेस्ट प्रविधि सम्बन्धि तालिम कार्यक्रम | १ लाख |
| ४ | कृषि मेला तथा प्रदर्शनी | २ लाख |
| ५ | प्रोतसाहनको लागि उत्कृष्ट कृषकहरु र समुहहरुलाइ सम्मान कार्यक्रम | १ लाख |
| ६ | व्यवसायिक किवी बगैचा स्थापना सहयोग कार्यक्रम )५०लागत % (साझेदारी | ४ लाख |
| ७ | चिया खेती विस्तारको लागि विरुवा सहयोग तथा बेर्ना उतपादन तालिम | २ लाख |
| ८ | टिमुर खेती विस्तारको लागि विरुवा सहयोग | १ लाख |
| ९ | एग्रोभेटमा आवश्यक सामाग्री )बिउ बिजन, पासो, सिकेचर, स्प्रेयर, च्याउको बिउ, आदि( खरिद र एग्रोभेट संचालनको लागि कर्मचारी | १० लाख |
| १० | कृषक पाठशाला संचालन | २ लाख |
| ११ | प्लास्टिक टनेल निर्माणको लागि प्लास्टिक अनुदान कार्यक्रम ५०% | २ लाख ५० हजार |
| १२ | पुस्प व्यवसाय प्रोतसाहनको लागि सहयोग | ५० हजार |
| १३ | अनुगमन+ कार्यालय संचालन+ भ्रमण खर्च+ सुचना तथा संचार खर्च+ ढुवानी खर्च | २ लाख |
| | कुल जम्मा | रु ३० लाख |

## पशुपन्छी सेवा शाखा

| क्र.स. | कार्यक्रमको नाम | बजेट |
|---|---|---|
| १. | पशुपन्छी स्वास्थ्य व्यवस्थापनको लागि औषधी खरिद | ६ लाख |
| २. | कार्यलय सञ्चालन तथा व्यावस्थापन | २० हजार |
| ३. | दैनिक भ्रमण भत्ता तथा अनुगमन खर्च | १ लाख |
| ४. | सवारी ईन्धन तथा मर्मत खर्च | ६० हजार |
| ५. | सवै वडामा पशुपन्छीमा लाग्ने रोग र त्यस बारे उपचार सम्बन्धि प्राविधिक सेवा साथै जुनोटिक सम्बन्धि तालिम सञ्चालन | १ लाख ३० हजार |
| ६. | आन्तरिक र बाह्रय परिजिवि नियन्त्रण साथै डिपिङ निर्माण सम्बन्धि तालिम | १ लाख |
| ७. | मध्ये पहाड र उच्च पहाडको लागि उपयुक्त हुने हिउँदे भुई घाँस (जै) को विउ खरिद र वितरण तथा छर्ने कार्यक्रम | ७० हजार |
| ८. | रेविज दिवश कार्यक्रम संगै रेविज खोप कार्यक्रम | १ लाख ५० हजार |
| ९. | महाकुलुङ गाउँपालिका भित्रका कृषकहरुको पशुपन्छि सम्बन्धि विवरण संकलन कार्यक्रम | १ लाख २० हजार |
| १०. | सवै वडामा पशु तथा पन्छी पालन सम्बन्धि तालिम सञ्चालन कार्यक्रम | २ लाख ५० हजार |
| ११. | नश्ल सुधारको लागि उन्नत जात(जर्सि ) जातको साँढे खरिद तथा वितरण (५०%) अनुदानमा सवै वडामा निरन्तरता कार्यक्रम | ३ लाख |
| १२. | नश्ल सुधारको लागि उन्नत जात(मुर्रा ) को राँगा खरिद तथा वितरण (५०%) अनुदानमा सवै वडामा निरन्तरता कार्यक्रम | ३ लाख |
| १३. | एकमुष्ट ढुवानि कार्यक्रम (जिवित पशु र अन्य सामान) | २ लाख |
| १४. | अनुगमन तथा मुल्याङकन खर्च | १ लाख |
|  | जम्मा रकम | २५ लाख |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष महाकुलुङ गाउँपालिका

महिला तथा वालवालिका शाखा

| क स | कार्यक्रमको नाम | विनियोजन |
|---|---|---|
| १ | अन्तराष्ट्रय महिला दिवसमा कार्यक्रम संचालन | २ लाख |
| २ | अपाङ्ग परिचय पत्र समन्वय समिति बैठक संचालन तथा व्यावस्थापन | १ लाख |
| ३ | अपाङ्ग भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन तथा व्यावस्थापन | २ लाख |
| ४ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा महिला सशक्तिकरण सम्बन्धी सचेतना तथा नेतृत्व विकास तालिम संचालन | ३ लाख |
| ५ | बालबालिका सम्बन्धी विद्यमान कानुनी व्यावस्था र बालमैत्री स्थानीय शासन सम्बन्धी पालिका स्तरीय अभिमुखिकरण कार्यक्रम संचालन | २ लाख |
| जम्मा | | १० लाख |

न्यायिक समिति

| क स | कार्यक्रमको नाम | विनियोजन |
|---|---|---|
| १ | न्यायिक समिति संचालन तथा व्यास्थापन खर्च | १० लाख |

महाकुलुङ गाउँकार्यपालिकाको कार्यालय

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | नया विनियोजन |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १ करोड ३७ लाख |
| २ | पारिश्रमिक कर्मचारी | ० |
| ३ | पोशाक | ७ लाख ६५ हजार |
| ४ | स्थानीय भत्ता | ३६ लाख ५० हजार |
| ५ | महंगी भत्ता | ८ लाख ८८ हजार |
| ६ | फिल्ड भत्ता | १ लाख ५० हजार |
| ७ | कर्मचारीको बैठक भत्ता | २ लाख |
| ८ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १ लाख |
| ९ | परीक्षा संचालन खर्च तथा अन्य भत्ता | ३ लाख |
| १० | कर्मचारी चाडवाड खर्च | १३ लाख २४ हजार |
| ११ | पदाधिकारी बैठक भत्ता | १५ लाख |
| १२ | पदाधिकारीअन्य सुबिधा | ४६ लाख ७२ हजार |
| १३ | पानी तथा बिजुली | २ लाख ५० हजार |
| १४ | संचार महसुल इन्टरनेट सहित | १५ लाख |
| १५ | इन्धन (पदाधिकारी) | १२ लाख |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | ५ लाख |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल



अध्यक्ष महाकुलुङ गाउँपालिका

| | | |
|---|---|---|
| १७ | सवारी साधन मर्मत खर्च | १६ लाख |
| १८ | बिमा तथा नवीकरण खर्च | १ लाख ५० हजार |
| १९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २ लाख |
| २० | मसलन्द तथा कार्यालय सामाग्री | २५ लाख |
| २१ | पुस्तक तथा सामग्री खर्च | ५० हजार |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १२ लाख |
| २३ | करार सेवा सुल्क | ६० लाख |
| २४ | O&M सर्वेक्षण | ५ लाख |
| | MTMP निर्माण | १० लाख |
| २५ | WASH PLAN | ५ लाख |
| २६ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २ लाख |
| २८ | कर्मचारी तालिम खर्च | १ लाख |
| २९ | निजामति दिवस कार्यक्रम संचालन खर्च | १ लाख |
| ३० | योजना अभिमुखिकरण कार्यक्रम घुम्ती शिविर संचालन | ५ लाख |
| ३१ | अनुगमन, मूल्यांकन खर्च | १ लाख |
| ३२ | भ्रमण खर्च | ३२ लाख |
| ३३ | विविध खर्च | १५ लाख |
| ३४ | सभा सञ्चालन खर्च | ३ लाख ५० हजार |
| ३५ | उद्दार, राहत तथा पुनर्स्थापना साथै नगद सहयोग खर्च | १ लाख ५० हजार |
| ३६ | घरभाडा | २२ लाख |
| ३७ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५ लाख |
| ३८ | प्राविधिक उपरकरण खरिद | १० लाख |
| ४० | मेशिनरी तथा औजार खरिद | ३ लाख |
| ४१ | फर्निचर तथा फिक्चर्स | ५ लाख |
| जम्मा | | ५ करोड ५० लाख |

गैर सरकारी संघ, संस्थाहरुले यस गाँउपालिकामा आर्थिक वर्ष २०८०।८१ को लागि पेश गरेको बजेटः

अनुसूची ४

**इकोहिमाल नेपाल**

| क्र.स. | क्रियाकलापहरु | ईकोहिमाल | गाउँपालिका र स्थानीय समुदायको योग्दान | जम्मा | लक्षित वर्ग |
|---|---|---|---|---|---|
| १ | **माध्यमिक र निम्न माध्यमिक विद्यालयहरुमा खानेपानी र सरसफाई**<br>विद्यालयहरुमा आवश्यकता पहिचान, शौचालयहरु मर्मत (लैंगिक मैत्री बनाउने), | ७,७६,५७६ | २,१३,५६६.६७ | ९,९०,१३३ | |



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष महाकुलुङ गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | फोहोर मैला व्यावस्थापन खाडल, खानेपानी संरचनाहरु मर्मत र खानेपानी Treatment System सहित ( स्थानीय सरकारसँगको साझेदारी ) सरसफाई सम्बन्धी जनचेतना अभियान कार्यक्रमहरु, विद्यालयहरुमा WASH समिति गठन र क्षमता अभिवृद्धि, WASH योजना निर्माण र कार्यान्यवन | | | | |
| २ | किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य किशोरी समहु गठन र शसक्तिकरण, किशोरावस्थाका विद्यार्थीलाई यौन तथा प्रजनन स्वास्थ्य संबन्धि शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य मापनहरुमा जनचेतना अभिवृद्धि, फोकल शिक्षिकाहरुलाई क्षमता अभिवृद्धि तालिम, किशोरी समूहहरुको नेटवर्क गठन र परिचालन, अध्यावधिक MEET र SUMMIT आयोजना र यौन तथा प्रजनन सम्बन्धि समुदाय स्तरमा अन्तरक्रिया कार्यक्रम | ५०५४६७ | ३०१६६।६७ | ५३५६३३ | |
| ३ | **किशोरी आराम कक्ष स्थापना**(आवश्यक समाग्रीहरु व्यावस्थापन, स्यानेटरी किट, शिक्षामुलक र जानकारीमुलक सन्देश लेखन र प्रदर्शनी) | ९४२७०० | ५६७०० | ९९९४०० | |
| ४ | **गुणस्तरीय शिक्षाका लागि स्वआर्जित कार्यक्रम संचालन**<br>छात्रवृति व्यास्थापन समिति गठन कोषको स्थापना र बढवा, छात्रवृत्ति निर्देशिका निर्माण र सोही अनुरुप छात्रवृत्ति वितरण, विद्यार्थी छनौट र छात्रवृत्ति प्रदान, कोषको यपयोगमा अनुगमन संरचनाको विकास र नियमित अनुगमन, कोषको उपयोगमा अनुगमन संरचनाको विकास र नियमित अनुगमन, कोषको उपयोगमा अनुगमन संरचनाको विकास नियमित अनुगमन छात्रवृत्ति कोषको लगानी भएको रकम यथा समायमा असुली र पुनः वितरका साथै छात्रवृत्ति कोषको मूल्याङ्कन र आवश्यक परिमार्जन, बढावा र विस्तार | ३७७६६७ | ३५००० | ४१२६६७ | |



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष महाकुलुङ गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | स्यानेटरी किट्स उत्पादन र वितरण | १३५६६७ | ६७९०० | २०३५६७ | |
| ६ | फोकल शिक्षिकाहरुको यौन तथा प्रजनन स्वास्थ्यमा क्षमता अभभिवृद्धि, श्रोत व्यक्तिको रुपमा सहजिकरण र किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य नियमित सिकाई समावेश (पाठ्यक्रम) | १५७६६७ | २६००० | १८३६६७ | |
| ७ | यौन तथा प्रजनन स्वास्थ्यमा क्षमता अभिवृद्धि र स्थानीय किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य नीति तर्जुमा र कार्यान्वयन | १०८००० | २५३३३।३३ | १३३३३३ | |
| ८ | शिक्षकशिक्षिकाहरु, आमाहरु र बालवालिकाहरुको पोषणर स्वास्थ्यमा ज्ञान र सिपका लागि विकास | १०३७८३३ | २१६६६६।६७ | १२५४५०० | |
| जम्मा | | ४०४१५६७ | ६७१३३३ | ४७१२९०० | |

HIMALAYAN TRUSST NEPAL

| S.NO | Sector | Activity | Beneficary | Budget |
|---|---|---|---|---|
| 1 | Education | Plus two scholarship to 2 students of Sagarmatha school Bung( Grade 11 & 12) | Students and Parents | 240,000 |
| | | Bachelor Level Scholarship For 2 Students | Students and Parents | 1,68,000 |
| | | Scholarship to study HA for 1 student | Students and parents | 120,000 |
| 2 | Education | Literacy through intergrated learning (LIL) programme in in 11 schools (Grade 1-3 Teacher Trainning, classroom monitoring and support to teachers, ECED teacher training, stationery support) | Schools, Students, teachers & Parents | 44,22,017 |
| | | Classroom improvements | Schools, Students, teachers & Parents | 11,47,000 |
| 3 | Education | Teaching materials support to Sagarmatha, and Pelmang school | Schools, Students, teachers & Parents | 90,000 |
| | | Computer Lab school Pelmang School (10 screen) | Schools, Students, teachers & Parents | 5,00,000 |
| 4 | Health | Medicines Support to Sir Edmung Hilary Me | Clinic staff, patients and community | 100,000 |
| 5 | Livelihood | Solar Project in Chereme and Gaikharka | Community of | 16,56,000 |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष महाकुलुङ गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | village | Chereme and Gaikharka | |
| TOTAL | | | | 84,43,017 |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

रीड नेपाल

| क स | कार्यक्रमको नाम | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|
| १ | पालिका स्तरीय परियोजना सल्लाहकार समिति बैठक | रु ३५,००० | |
| २ | १० दिने टी पी डी शिक्षक तालिम | रु ६२,३०३ | |
| ३ | एकिकृत पाठ्यक्रम सम्बन्धी ३ दिने पुनर्ताजकी शिक्षक तालिम | रु १०१,४२१ | |
| ४ | विद्यालय प्रोफाइल निर्माण | रु १५०,००० | |
| ५ | स्थानीय स्रोत शिक्षक ६ दिने तालिम, भ्रमण तथा परिचालन | रु १६८,३८८ | |
| ६ | इ सि डी कक्षा व्यावस्थापन ४ ओटा | रु ६०,००० | |
| ७ | ICT सामाग्री सपोर्ट | रु १००,००० | |
| ८ | शैक्षिक सामाग्री सहयोग | रु १७०,००० | |
| ९ | प्र अ तथा वि व्य स २ दिने कार्यशाला | रु ८७,२४२ | |
| १० | राम्रा अभ्यास सेयरिङ बैठक | रु २१,००० | |
| ११ | नमूना विद्यालय | रु २६,४२९ | |
| १२ | पालिका नियमित बैठक समन्वय ESP | रु ७४,५७२ | |
| १३ | नमुना विद्यालय आमा समूह सहयोग | रु १०,००० | |
| १४ | अभिभावक अभिमुखिकरण | रु ४६,५७५ | |
| १५ | छात्रवृत्ति सहयोग | रु २०७,००० | |
| १६ | मनोसामाजिक परामर्श तालिम | रु ६९,४५० | |
| १७ | बाल क्लव तालिम तथा सहयोग | रु ९१,३१३ | |
| १८ | अपाङ्गता सहयोग | रु ११४,१४३ | |
| १९ | अनुगमन तथा मूल्याङ्कन विद्यालय भ्रमण | रु ४५०,००० | |
| २० | प्रशासनिक खर्च | रु २०४,५७६ | |
| **जम्मा** | | रु २२,५०,३३७ | |

**जि फाउन्डेशन**

| **क्र.स.** | **परियोजनाको नाम र ठेगाना** | **बाह्य रकम अनुमानित (ने.रु.)** |
|---|---|---|
| **साना सामुदायिक पूर्वाधारहरु** | | |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष महाकुलुङ गाउँपालिका

| | | |
|---|---|---|
| १ | टिटिगो खानेपानी प्रणाली बुंग | ४०,००,९२८ |
| कृषि | | |
| १ | नगद बाली खेती तालिम, र विरुवा सहयोग र आम्दानीको तथ्याङ्क संकलन | ६,१०,९६० |
| २ | अर्गानिक खेती तालिम, FYM, कम्पोस्ट बनाउने तालिम, जैविक प्रमाणिकरणको डाटा संकलन | ४,६३,००० |
| ३ | किचन गार्डन स्थापना र बीउ सहयोग, किचन गार्डन व्यावस्थापन तालिम, | ३४५००० |
| ४ | नयाँ बालीको बीउ र विरुवा समर्थन, नयाँ बाली खेती तालिम | ३६८,००० |
| ५ | जार व्यावस्थापन प्रशिक्षण, सरोकारवालाहरुसँग समन्वय बैठकहरु, प्रशोधन र प्याकेजिङका लागि उपकरण र उपकरण समर्थन | ३७८,००० |
| ६ | बीउ छनोट तालिम, स्थानीय बीउ उत्पादन तालिम र बीउ भण्डार व्यावस्थापन तालिम | ४८,६०० |
| ७ | नयाँ क्षेत्र छनोट सम्भाव्यता अध्ययन, नियमित विस्तार सेवा, अनुगमन र सुपरिवक्षण | ७९४,६२८ |
| ८ | कृषि मेलाहरु सञ्चालन गर्नुहोस कृषक समूहहरु भित्र आदानप्रदान भ्रमणहरु र चियन गरिएको किसानहरुको एक्सपोजर भ्रमण | २६४,८०० |

**संशोधन प्रस्ताव राखी संशोधन भएका बजेट तथा कार्यक्रमहरुः**

| क्र. सं. | कार्यालय/वडा | बजेट बक्तव्यमा पेश भएको विवरण | बजेट | संशोधन भएको बजेट कार्यक्रम | संशोधन सहित पारित बजेट |
|---|---|---|---|---|---|
| १ | ३ नं. वडा कार्यालय | हल्ला खेलमैदान व्यवस्थापन | १ लाख ६० हजार | हल्ला खेलमैदान व्यवस्थापन | १ लाख |
| २ | | लुत्तुम्मा देखि वातेल्मासम्म गोरेटो बाटो निर्माण | ६ लाख | लुत्तुम्मा देखि वातेल्मासम्म गोरेटो बाटो निर्माण | ५लाख |
| ३ | | बेजो मुलबाटो देखि बोक्सुवार गुम्बा सम्म गोरेटो बाटो निर्माण | ५ लाख | बेजो मुलबाटो देखि बोक्सुवार गुम्बा सम्म गोरेटो बाटो निर्माण | ३ लाख |
| ४ | | | | कार्यालय उद्घाटन तथा व्यवस्थापन | ३ लाख ६० हजार |

समाप्त

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका